# हुर्रा नाचको चर्चा

● जेबी घलेमगर, पत्रकार

सबै जातिहरूको आ-आफ्नै भाषा, धर्म, संस्कृति भएजस्तै मगर जातिमा पनि ठाउँ विशेष अनुसार मारुनी, सोरठी, घाटु नाच नाच्दै आएका छन्। यसरी नै पूर्वाञ्चलको धनकुटा र मोरङ्गमा अत्यधिक नाचिने मगरहरूको हुर्रा नाँच हो। प्रायः हुर्रा नाचको बारेमा कसैलाई सामान्य जानकारी भए पनि मुलुकको पश्चिमी भेगमा यसको जानकारी जस्तो लाग्छ।

## हुर्रा नाचको उदगम थलो

मूलतः धनकुटा जिल्लाको चौबीसे भेगलाई नै हुर्राको उदगम थलो मानिन्छ अर्थात् यो नाचको उत्पत्ति चौबीसे भेगअन्तर्गत मुढेवास गाविसबाट भएको भनिन्छ। प्रारम्भिक र सामान्य सोधखोजबाट यो नाच २००७ सालभन्दा अगाडिदेखि प्रचलनमा आएको त्यहाँका बूढापाकाहरूको अभिमत छ। तर यथार्थमा यो नाच कहिले, कहाँ, कसरी, कसले शुरु गऱ्यो ? प्रारम्भिक चरणको नाच्ने संरचना कस्तो थियो भन्ने कुराको गतिलो आधिकारिक प्रमाण र आधारहरू अहिलेसम्म भेट्न सकिएको छैन।

यद्यपि केही आधारहरूलाई लिएर जिल्लाको दक्षिणी भेगमा पर्ने मुढेवास गाविसमा नै उत्पत्ति भएको हुनसक्ने अवस्थामा छ भने मुढेवास आसपास गाविसबाट पनि उत्पत्ति भएको हुनसक्ने समानान्तर तर्क पनि छन्। यस गाविसमा मगरहरूको अधिक भन्दा अधिक जनसंख्या रहनु, यहाँका मगरहरूले शतप्रतिशत आफ्नो मातृभाषा बोल्नु, आफ्नो जातीय संस्कृतिअनुसार नै मगर कर्मकाण्ड गर्ने पुरानो संस्कार हुनु, अहिलेसम्म विशेष गरी तिहारमा १५ दिनसम्म हुर्रा नाँच नाचिरहनुले यही गाविस वा यो गाविसको आसपासबाट उत्पत्ति भएको भन्नसक्ने अवस्था छ। त्यसो त अहिलेसम्म तिहारमा धनकुटा जिल्लाको दक्षिणपूर्व तमोर नदीवारि चौबीसे भेगको मुढेवासको अलावा ६ नं बुधबारे, वसन्तटार, डाँडाबजार, भेँडेटार गाविसका के बूढापाका, के तन्नेरी, के युवायुवती, के केटाकेटीसहित घरको पूरै परिवार १५/१५ दिनसम्म हुर्रा नाँच नाच्ने चलन छ। हुर्रा नाच राती या दिउँसो जुनसुकै समयमा नाचिन्छ।

धनकुटा जिल्लाको चौबीसे भेगको विभिन्न गाविसलगायत मोरङ्ग जिल्लाको उत्तरी भेगका गाविस, याङसिला, सत्तिसाले, केराबारी, बेलबारी, लेटाङ, सिहदेवी, पाटीगाउँ, भोगटेनी, जाँते, मधुमल्ला, वाराङ्गी, टाँडी आदि गाउँ र टोलहरूमा हुर्रा नाच धुमधामले नाचिन्छ। यो ठाउँहरूमा बाहेक त्यहाँबाट फैलँदै-फैलँदै अहिले त इलाम जिल्लाको दक्षिण पश्चिम भेग र पाँचथर जिल्लाको सुदूरपश्चिम धनकुटा जिल्लासँग जोडिएर रहेको गाविसमा यो नाच नाच्न थालेको प्रचलनमा आएको छ। यस आधारबाट पनि हुर्रा नाच नाचिने ठाउँहरूबाट मुढेवास गाविस केन्द्रविन्दुमा पर्ने भएकोले त्यही ठाउँमा हुर्रा नाच शुरु भएर अन्य ठाउँमा फैलिएको भन्ने एउटा तर्क अगाडि सार्न सकिन्छ।

हुर्रा नाच कसरी नामाकरण भयो त ? यस बारेमा पनि केही छलफल गर्नुपर्ने आवश्यकता ठान्दछु। यथार्थता केलाउँदा यो हुर्रा नाच कुनै खुशीयाली, उत्सव, या पर्व मनाउने क्रममा शुरुवात भएको अनुमान लगाउन सकिन्छ। पहिले पहिले हुर्रा नाच तिहार बाहेक शुभकार्यहरू, विवाह, छेवर, अन्नबाली भित्र्याउँदा नाच्ने प्रचलन थियो। यद्यपि अहिले पनि मुढेवास गाविस लगायत आसपासका ठाउँमा यो चलन छँदैछ। यो नाच कि त कुनै सामूहिक खेल या पर्वमा खुशीयाली मनाउँदै हुँई..... हुँई........ अथवा हुर्रे......... हो........ हुर्रे......... हो...... भनेर कराउँदा कराउँदै हुर्रा रहन गएको हो या त तिहारमा देउसी-भैली खेल्दाखेल्दै शुरुवात भएको हो भन्ने अर्को तर्क राख्न सकिन्छ। एउटा तर्क कुनै सामूहिक खेल या पर्वमा चिच्याउँदै हुर्रे....... भन्ने चलन छँदैछ। अर्को तर्क देउसी-भैली खेल्दा हुर्रे......... हो...... हो...... भन्ने चिच्याउने चलन छ। यस अर्थमा हुर्रे र हुर्रा शब्दबीच नजिकको तालमेल देखिन्छ। अर्कोतिर यो नाच नाचिने समय र नाचको प्रकृतिलाई केलाउँदा तिहारमा देउसी-भैली खेल्दाखेल्दै शुरुवात भएको हो भन्ने अनुमान गर्न सकिन्छ। यस कारणले हुर्रा नाच्नु भन्दा अगाडि देउसी खेलिन्छ। पछिल्लो समयमा गएर जिल्लाको चौबीसे भेगमा मात्र होइन, धनकुटा जिल्लाको मगर बाहुल्यता रहेको



हुर्रा नाच नाच्दै मगरहरू ।

अधिकांश गाउँमा तिहारमा देउसीपछि हुर्रा नाच नाच्छन् । जिल्लाको चौबीसे भेगमा त झन् हुर्रामा नै आशिष पनि दिने गरिन्छ । अर्को गतिलो कुरा चाहिँ के छ भने मुढेवास गाविसका मगरहरू त हुर्रालाई नै देउसी भन्छन् । उनीहरू मगरहरूको देउसी र भैलो नाच बिल्कुल होइन भन्छन् । मगर जातिको सांस्कृतिक नाच या तिहारको नाच हुर्रा नै हो भनेर दावी गर्छन् । यसकारणले पनि कि मगर भाषामा हुर्रा गेस्की (हुर्रा खेल्नु) भनिन्छ । हुर्रा स्याहाही (हुर्रा नाच्नु) भनिँदैन । खस भाषामा पनि हुर्रा खेल्नु नै भनिन्छ । अहिले मुढेवासका मगरहरू देउसी खेल्न जाउँ नभनी हुर्रा खेल्न जाउँ भन्छन् । त्यसैले पनि यो अनुसन्धानको विषय बनेको छ ।

## हुर्रा खेल्ने तरिका र विधि

हुर्रा नाच झट्ट हेर्दा पश्चिमेको देउडा नाच जस्तै देखिन्छ । यो नाच केटाकेटी अथवा परिवारको सबै सदस्य मिलेर पनि खेलिन्छ या नाचिन्छ । माया-प्रेम बसेका केटाकेटी या त चेली-माइती पनि हुर्रा नाच नाच्छन् । हुर्रा नाच गोलाकार रूपमा आवद्ध भई एक आपसमा हात समाउँदै मादलको घिन्ताङ-घिन्ताङ-ताङ को तालमा नाचिन्छ । यस नाचमा मादलको तालमा खुट्टाको चाल मिलाउँदै नाचिन्छ । नाच्दा खुट्टा बाहेक शरीरका अन्य अङ्गको चाल मिलाउन नपरे पनि शरीरलाई अगाडि र पछाडि निकै हुत्याउँदै खेलिन्छ । मादलको साथमा मुरली वा बाँसुरी र पित्तलको सानो झ्याली पनि बाजाको रूपमा प्रयोग गरिन्छ ।

तिहारमा हुर्रा नाच शुरु हुने दिन गाउँघरका सबै बूढापाकाहरू जमघट भई मादल र अन्य बाजाहरूको पूजा गरिन्छ । पूजा गरिसकेपछि नाच विधिवत् रूपमा शुरु हुन्छ । तिहारको बेलामा सबै भेला भई ढिलो तालमा गीत गाएर नाच शुरु गरिन्छ । ढिलो तालमा नाच शुरु भएको लगभग २० मिनेटको हाराहारीपछि खुट्टा … केही छिटो चाल्दै उफ्रँदै नाचिन्छ । यसबेला मादलको ताल पनि छिटो हुन्छ ।

तिहारमा जसको घरमा हुर्रा नाचिन्छ … नाचिएको घर वा टोलमा दान-दक्षिणा दिइसकेपछि उक्त घर परिवाललाई मादलको तालमा हुर्रा गीत … आशिष दिइन्छ । आशिष दिइसकेपछि माद… झ्याउरे तालमा बजाइन्छ र त्यही तालमा नाचिन्छ । यसरी एक घर या टोलमा खेलिसकेपछि क्रमशः अर्को घर या टोलमा हुर्रा खेलिन्छ । यो नाँच अर्थात् हुर्रा खेल्दा मगर समुदायका मात्र नभई अचेल त अन्य समुदायका समेत आई टोलीमा मिसिँदै हुर्रा खेल्ने चलन बढेको छ । यसमा अहिलेसम्म बन्देज भने छैन । एउटा कुरा चाहिँ के हो भने हुर्रा नाच्न सजिलो भएकोले जोसुकै नाच्ने गरेको कुरा बूढापाकाहरू सुनाउँछन् ।

तिहार सकिएपछि नाच सञ्चालन गरिएको टोलमा कुर्दै एक दिन टुङ्गो गरेर रातभर हुर्रा खेलिन्छ । यसलाई मगरहरू मैझारो भन्ने गर्छन् । तिहरको बेलामा हुर्रा खेल्दा आफ्नो जातिको पहिरन भने निश्चित या लगाउनुपर्ने निर्धारण गरेको हुँदैन । तर अहिले तिहारमा पनि हुर्रा खेल्दा आफ्नो पहिरन लगाउनुपर्ने कुरा राख्छन् । प्रतियोगितात्मक हुर्रा नाच या औपचारिक कार्यक्रमहरूमा नाँचिने (खेलिने) हुर्रामा पनि पहिरन अनिवार्य रूपमा लगाइन्छ । जब हुर्रा नाच शुरु हुन्छ तब गीत पनि यसरी शुरु भइहाल्छ -

क) हुर्रा हा..... हा...... हुर्रा हा..... हा......
चेली ङ माइती लै लै, झुरम छाना
हुर्रा कालहा गोसिङ न मेलिस माराङ्च
हुर्रा हा..... हा...... हुर्रा हा..... हा......

ख) ढलिङ् याकाङ् ठ्यांहा लै लै, मीमन मारङ
हुर्रा काल्हा गेसिङ न मेलिस माराङ्च
हुर्रा हा..... हा...... हुर्रा हा..... हा......

ग) बल्ल, बल्ल राहा लैलै तिहार चाङ
हुर्रा काल्हा गेसिङ न मेलिस माराङ्च
हुर्रा हा..... हा...... हुर्रा हा..... हा......•

(लेखक नेपाल मगर संघ जिल्ला समिति धनकुटाका अध्यक्ष एवं नेपाल मगर सांस्कृतिक संघका केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ ।)



master mitrasen thapa magar, smarika, 2063, published by master mitrasen smriti pratisthan, Kathmandu